
### कर्णाली प्रदेश सरकारको

# आर्थिक वर्ष २०८०/०८१ को बजेट विश्लेषण






**ऋति फाउण्डेसन**
**२०८०**

hritifoundation@gmail .com www .hriti .org +97783521564 /hritifoundation

कर्णाली प्रदेश सरकारको

# आर्थिक वर्ष २०८०/०८१ को बजेट विश्लेषण

ऋति फाउण्डेसन
२०८०

# विषय सूची


१. बजेटका मुख्य शव्दवालीहरू................................................................ 01

- बजेट
- पूँजीगत खर्च
- चालु खर्च
- वित्तिय हस्तान्तरण
- ससर्त अनुदान
- समपुरक अनुदान
- विशेष अनुदान
- घाटा बजेट
- अधिशेष बजेट
- प्रदेशको आन्तरिक आय

२. तथ्यांकमा कर्णाली................................................................ 03

- परिचय
- राष्ट्रिय औसतको तुलनामा सूचकांक

३. बजेट विश्लेषण................................................................ 04

- आर्थिक वर्ष २०८०/८१ को बजेटको अनुमानित व्यय विवरण
- आर्थिक वर्ष २०८०/८१ को बजेटको अनुमानित आय विवरण
- अनुदान विश्लेषण
- विगत पाँच आर्थिक वर्षको बजेट तथा खर्च अध्ययन

४. निष्कर्ष ................................................................ 08

५. सुझावहरू................................................................ 09

# १. बजेटका मुख्य शव्दवालीहरु

**१.१: बजेट**

सरकारी बजेट कुनै निश्चित समयको लागि सरकारले पूर्वानुमान गरेको आम्दानी र खर्चको विवरण हो जुन विशेषगरी एक वर्षको हुन्छ। आर्थिक वर्षलाई वीत्तीय वर्ष पनि भनिन्छ, जुन सामान्यतया पात्रोको वर्षसँग मेल नखान सक्छ। उदाहरणको लागि नेपालमा वैशाख १ गते नयाँ वर्ष शुरु भई चैत मसान्तमा सकिन्छ भने वीत्तीय वर्ष वा आर्थिक वर्ष श्रावण १ गते शुरु भई असार मसान्तमा सकिन्छ।

**१.२: पूँजीगत खर्च**

पूँजीगत खर्च भनेको सरकारले पूर्वाधार विकास, मेसिनरी उपकरण, भवन, स्वास्थ्य सुविधा, शिक्षा आदिमा खर्च गर्ने रकम हो । यसमा स्थीर सम्पतिहरु जस्तै जग्गा आदीको खरिद र भविष्यमा नाफा वा लाभांश दिन सक्ने सरकारको लगानी पनि पर्दछ। विकास निर्माणका आयोजनाहरु पूँजीगत खर्च अन्तर्गत पर्दछन्।

**१.३: चालू खर्च**

सार्वजनिक सेवा प्रवाहका लागि हुने दैनन्दिन प्रशासनिक गतिविधि सञ्चालन खर्च नै चालू खर्च हो । कर्मचारीको तलब, जनप्रतिनिधिको सेवा सुविधा र कार्यालय सञ्चालनको क्रममा हुने अन्य प्रशासनिक खर्च चालु खर्च अन्तर्गत पर्दछन्।

**१.४: वीत्तीय समानीकरण अनुदान**

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वीत्तीय समानीकरण अनुदान प्रदान गर्दछ। नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानून बमोजिम र आयोगको सिफारिसमा वीत्तीय समानीकरण अनुदान प्रदान गर्दछ।

**१.५: सशर्त अनुदान**

नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दछ। सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्छ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम र आयोगले तोकेको आधारमा सशर्त अनुदान प्रदान गर्दछ।

**१.६: समपुरक अनुदान**

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्दछ । समपूरक अनुदान प्रदान गर्दा योजनाको सम्भाव्यता, योजनाको लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति र योजनाको आश्यकता र प्राथमिकतालाई आधार बनाइन्छ । त्यस्तै प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम समपूरक अनुदान प्रदान गर्न सक्छ। समपूरक अनुदान कुनै योजनाको कुल लागतको अनुपातका आधारमा प्रदान गरिन्छ ।

**१.७ विशेष अनुदान**

नेपाल सरकारले देहायको कुनै उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्दछ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम विशेष अनुदान प्रदान गर्न सक्छ।

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने

(ख) अन्तर प्रदेश तथा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने।

**११.८: घाटा बजेट**

सरकारले सार्वजनिक सेवा, पूर्वाधार, र अन्य परियोजनाहरूमा खर्च गर्ने रकमभन्दा सरकारको आम्दानी (कर, शुल्क, आदिबाट प्राप्त गर्ने राजस्व) कम भएको अवस्थामा घाटा बजेट ल्याइएको मानिन्छ। यस्तो वीत्तीय असन्तुलनले बचत घटाउन वा उधारो लिन आवश्यक सहयोग पुग्न सक्छ साथै दीर्घकालीन फाइदाहरू प्रदान गर्ने पहलहरूमा सरकारी लगानी गर्न मद्दत गर्न सक्छ।

**१.९: अधिशेष बजेट**

सरकारको वार्षिक व्यय (खर्च) भन्दा आय बढी भएको अवस्थामा अधिशेष बजेट हुने गर्छ। अर्थात् खर्च भन्दा आम्दानी बढी भएको नाफा बजेट नै अधिशेष बजेट हो। बजेट अधिशेषको अवस्थामा सरकारले सार्वजनिक क्षेत्रको ऋण तिर्न सक्छ। राजनीतिज्ञहरूले बढी पैसा खर्च गर्ने र कर कटौती गर्ने प्रवृत्तिका कारण आधुनिक अर्थतन्त्रहरूमा बजेट अधिशेष एकदमै दुर्लभ हुन्छ।

**१.१०: प्रदेशको आन्तरिक आय**

प्रदेश सरकारले मनोरञ्जन तथा विज्ञापन कर, जरिवाना, सेवा तथा वस्तुको बिक्रीबाट हुने आम्दानी, पर्यटन शुल्क, कृषि सामग्रीको बिक्री लगायतका क्षेत्रबाट आन्तरिक स्रोत जुटाउन सक्छ। त्यो नै प्रदेशको आन्तरिक आय हो।

## २. तथ्यांकमा कर्णाली

### २.१: परिचय

| | | |
|---|---|---|
| क्षेत्रफल | १६ लाख ८८ हजार ४ सय १२ वर्ग कि.मि. | २१% |
| जनसंख्या | १६ लाख ८८ हजार ४ सय १२ | ५१.२% महिला / ४८.८% पुरुष |

क्षेत्रफलको हिसाबले कर्णाली प्रदेश नेपालका सात प्रदेशमध्ये सबैभन्दा ठूलो प्रदेश हो। जसको क्षेत्रफल २१ हजार ९ सय ८४ वर्गकिलोमिटर रहेको छ। जुन नेपालको कुल क्षेत्रफलको २१ प्रतिशत भूभाग हो। यद्धपी कर्णाली प्रदेशको जनसंख्या भने नेपालको जनसंख्याको ५.७९ प्रतिशत अर्थात् १६ लाख ८८ हजार ४ सय १२ मात्र रहेको छ। जसमध्ये  ८ लाख ६४ हजार ६ सय ५१ महिला र ८ लाख २३ हजार ७ सय ६१ पुरुष रहेका छन्।

### २.२ : राष्ट्रिय औसतको तुलनामा सूचकांक

| सूचक | कर्णाली | राष्ट्रिय औसत |
|---|---|---|
| अपेक्षित आर्थिक वृद्धिदर | २.११ % | २.१६% |
| मानव विकास सूचकांक | ०.५३७ | ०.६०२ |
| प्रतिव्यक्ति आय अमेरिकि डलरमा | ९३७ | १३९९ |
| बहुआयामिक गरिबी | ३९.५% | १७.४% |
| औषत आयु | ६७.०३ वर्ष | ७१.७४ वर्ष |
| साक्षरता दर | ७६.१% | ७६.२% |
| गरिबी | २८.९% | १८.६% |

स्रोतः कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट

कर्णाली प्रदेश राष्ट्रिय औसतको तुलनामा सबैजसो सूचकाङ्कहरुमा पछाडि रहेको छ। कर्णाली प्रदेशको अपेक्षित आर्थिक वृद्धिदर २.११% रहेको छ जबकि राष्ट्रिय औसत २.१६% रहेको छ। यस्तै प्रदेशको मानव विकास सूचकाङ्क ०.५३७ हुँदा राष्ट्रिय औसत ०.६०२ रहेको छ। कर्णाली प्रदेशको प्रतिव्यक्ति आय ९३७ अमेरिकी डलर रहेको छ भने राष्ट्रिय औसतमा नेपालको प्रतिव्यक्ति आय १३९९ अमेरिकी डलर रहेको छ। कर्णालीको बहुआयामिक गरिबी दर ३९.५% प्रतिशत रहेको छ। राष्ट्रिय औसतमा नेपालको बहुआयामिक गरिबी दर जम्मा १७.४% प्रतिशत रहेको छ। कर्णालीका नागरिकको औषत आयु पनि राष्ट्रिय औषतको तुलनामा निकै कम छ। कर्णाली प्रदेशका नागरिकहरुको औषत आयु ६७.०३ वर्ष छ भने राष्ट्रिय औषत ७१.७४ वर्ष रहेको छ। यसर्थ कर्णाली प्रदेश सबैजसो सूचकहरुमा राष्ट्रिय औषतभन्दा पछाडि रहेको छ। कर्णाली प्रदेश सरकारले आफ्ना नीति तथा कार्यकम र बजेटमार्फत आफ्नो प्रदेशका सूचकहरुमा सुधारलाई केन्द्रित गर्नुपर्दछ।


## ३. बजेट सारांश

**३.१: आर्थिक वर्ष २०८०/८१ को बजेटको अनुमानित व्यय विवरण**

| विवरण | रकम (रु.) | प्रतिशत |
|---|---|---|
| कुल बजेट | ३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार | |
| चालु खर्च | ९ अर्ब २० लाख २४ हजार | २६.९७% |
| पूँजीगत खर्च | १९ अर्ब ५७करोड ७२ लाख ४३ हजार | ५८.६५% |
| वित्तीय हस्तान्तरण | ४ अर्ब ८० करोड ४ लाख ४० हजार | १४.३८% |

स्रोतः कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट

कर्णाली प्रदेश सरकारले ल्याएको आर्थिक वर्ष २०८०/८१ को कुल बजेट रु. ३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार रहेको छ। जसमा चालु खर्च रु. ९ अर्ब २० लाख २४ हजार रहेको छ। जुन कुल बजेटको २६.९७% हो। त्यसैगरी पूँजीगत खर्च रु. १९ अर्ब ५७ करोड ७२ लाख ४३ हजार रहेको छ। जुन कुल बजेटको ५८.६५% हो । यस्तै वित्तीय हस्तान्तरण रु. ४ अर्ब ८० करोड ४ लाख ४० हजार रहेको छ । प्रदेश सरकारको वित्तीय हस्तान्तरणको रकम कुल बजेटको १४.३८% हो। यसर्थ कर्णाली प्रदेश सरकारको पूँजीगत खर्च भन्दा चालु खर्च निकै कम छ। प्रदेश सकारका धेरै निकायहरु नबनिसकेको र प्रशासनिक खर्च समेत कम हुँदा चालु खर्चको मात्रा कम देखिएको हो। कर्णाली प्रदेश सरकारको पूँजीगत बजेट खर्च पनि एकदमै न्यून छ जसमा व्यापक सुधारको खाँचो छ।




३.२: **आर्थिक वर्ष २०२३/२४ को बजेटको अनुमानित राजस्व**

| | **रकम (रु.)** | **प्रतिशत** |
|---|---|---|
| कुल बजेट | ३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार | |
| आन्तरिक राजस्व | ८३ करोड ६२ लाख १२ हजार | ५.५१% |
| चालु आर्थिक वर्षको खर्च नगरिएको रकम | ७ अर्ब ४१ करोड ६ लाख ५ हजार | २२.२०% |
| संघीय सरकारबाट अनुदान | २५ अर्ब ११ करोड ४ लाख २० हजार | ७५.२४% |

स्रोतः कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट

कर्णाली प्रदेश सरकारको कुल बजेट रु. ३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार मध्ये ठूलो हिस्सा चालु आर्थिक वर्षमा खर्च गर्न नसकेको बजेट रहेको छ। चालु आर्थिक वर्षको खर्च नगरिएको रकम ७ अर्ब ४१ करोड ६ लाख ५ हजार अर्थात् कुल बजेटको २२.२०% रकम हुँदा प्रदेशको आन्तरिक राजस्व अनुमान रु. ८३ करोड ६२ लाख १२ हजार छ। जुन कुल व्यय विवरणको ५.५१% मात्र हो। उक्त बजेटको ठूलो हिस्सा संघीय सरकारबाट अनुदान रहेको छ जुन रु. २५ अर्ब ११ करोड ४ लाख २० हजार अर्थात् ७५.२४ छ भने बैदेशिक सहायता रु. १ करोड ८६ लाख ९० हजार अनुमान गरिएको छ। यस्तो अवस्थामा प्रदेश सरकारको आन्तरिक राजश्व बढाउने उपायहरुको खोजी गर्नु जरुरी छ।




३.३: संघीय सरकारबाट प्राप्त अनुदान विवरण

| | रकम (रु.) | प्रतिशत |
|---|---|---|
| संघीय सरकारबाट कुल अनुदान | २५ अर्ब ११ करोड ४ लाख २० हजार | |
| राजस्व साझेदारी | ८ अर्ब ८४ करोड ३ लाख | ३५.२० प्रतिशत |
| वित्तीय समानीकरण अनुदान | १० अर्ब १६ करोड ४१ लाख | ४०.४७ प्रतिशत |
| सशर्त अनुदान | ४ अर्ब ७५ करोड ३ लाख | १९.९१ प्रतिशत |
| समपुरक अनुदान | ७६ करोड १६ लाख | ३.०३ प्रतिशत |
| विशेष अनुदान | ५९ करोड ७९ लाख | २.३८ प्रतिशत |

स्रोतः कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट

कर्णाली प्रदेश सरकारले नेपाल सरकारबाट कुल अनुदान २५ अर्ब ११ करोड ४ लाख २० हजारमध्ये सबैभन्दा धेरै वित्तीय समानीकरण अनुदान रु. १० अर्ब १६ करोड ४१ लाख रकम प्राप्त गरेको छ। जुन कुल अनुदानको ४०.४७ प्रतिशत हो। यस्तै राजस्व साझेदारीमा रु. ८ अर्ब ८४ करोड ३ लाख अर्थात् ३५.२०% रकम प्राप्त गरेको छ। भने सशर्त अनुदान ४ अर्ब ७५ करोड ३ लाख अर्थात् १९.९१ प्रतिशत, समपुरक अनुदान ७६ करोड १६ लाख ३.०३ प्रतिशत तथा विशेष अनुदान रु. ५९ करोड ७९ लाख अर्थात् २.३८ प्रतिशत रहेको छ।



३.४: **विगत पाँच वर्षको औषत**

| | |
|---|---|
| **कुल  बजेट** (०७५/७६ देखि ०७९/८०) | **१ खर्ब ३३ अर्ब ९४ करोड  ४७ लाख ४२ हजार** |
| **औसत व्यय** | **५५.३७ प्रतिशत** |
| **औसत पूँजीगत  व्यय** | **५२.५९ प्रतिशत** |
| **औसत चालु व्यय** | **६०.१४ प्रतिशत** |
| **आन्तरिक राजस्व**  (**प्रदेश स्थापना देखि आर्थिक वर्ष ०७८/०७९ सम्म**) | **१ अर्ब ६० करोड ५२ लाख** |
| **संघीय सरकारबाट प्राप्त कुल अनुदान** (**आर्थिक वर्ष ०७५/७६ देखि ०७८/७९**) | **२३ अर्ब ७५ करोड ५३ लाख** |
| **संघीय सरकारबाट  प्राप्त भएको तर खर्च नगरिएको रकम** ( **आर्थिक वर्ष ०७५/७६ देखि  ०७८/७९ सम्म**) | **८ अर्ब १४ करोड ४६ लाख अर्थात् ३४.२८ प्रतिशत** |

स्रोतः कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट

कर्णाली प्रदेश सरकारले विगत पाँच वर्ष (०७५/७६ देखि ०७९/८०) मा कुल रु. १ खर्ब ३३ अर्ब ९४ करोड ४७ लाख ४२  हजारको बजेट ल्याएको छ। जसको औषत खर्च दर निकै दयनीय छ। विगत पाँच वर्षको औसत व्यय ५५.३७ प्रतिशत रहेको छ जसमा पुँजीगत खर्चको औसत ५२.५९ प्रतिशत छ भने चालु खर्चको औषत ६०.१६ प्रतिशत रहेको छ। प्रदेश स्थापना देखि आर्थिक वर्ष ०७८/०७९ सम्म आन्तरिक राजस्व रु. १ अर्ब ६० करोड ५२ लाख संकलन भएको छ। जसले प्रदेश सरकारको व्यव विवरणको निकै सानो अंश ओगटेको छ। स्थापना पछिका चार आर्थिक वर्षमा कर्णाली प्रदेशले संघीय सरकारबाट प्राप्त सशर्त अनुदान (सशर्त, समपुरक र विशेष) रु. २३ अर्ब ७५ करोड ५३ लाख मध्ये रु. ८ अर्ब १४ करोड ४६ लाख अर्थात ३४.२८ प्रतिशत रकम खर्च गर्न सकेको छैन। यसले प्रदेश सरकारको औषत वित्तीय प्रगति निकै कम रहेको देखाउँछ।

## ४: निष्कर्ष

- कर्णाली प्रदेश सबैजसो सूचकहरुमा राष्ट्रिय औषतभन्दा पछाडि रहेको छ । कर्णाली प्रदेश सरकारले आफ्ना नीति तथा कार्यकम र बजेटमार्फत आफ्नो प्रदेशका सूचकहरुमा सुधारलाई केन्द्रित गर्नुपर्दछ ।
- कर्णाली प्रदेश सरकारको पूँजीगत खर्च भन्दा चालु खर्च निकै कम छ । प्रदेश सकारका धेरै निकायहरु नबनिसकेको र प्रशासनिक खर्च समेत कम हुँदा चालु खर्चको मात्रा कम देखिएको हो । कर्णाली प्रदेश सरकारको पूँजीगत बजेट खर्च पनि एकदमै न्यून छ जसमा व्यापक सुधारको खाँचो छ ।
- कर्णाली प्रदेश सरकारको कुल बजेट रु. ३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार मध्ये ठूलो हिस्सा चालु आर्थिक वर्षमा खर्च गर्न नसकेको बजेट रहेको छ । चालु आर्थिक वर्षको खर्च नगरिएको रकम ७ अर्ब ४१ करोड ६ लाख ५ हजार अर्थात् कुल बजेटको २२.२०% रकम हुँदा प्रदेशको आन्तरिक राजस्व अनुमान रु. ८३ करोड ६२ लाख १२ हजार छ । जुन कुल व्यय विवरणको ५.५१% मात्र हो ।
- बजेटको ठूलो हिस्सा संघीय सरकारबाट अनुदान रहेको छ जुन रु. २५ अर्ब ११ करोड ४ लाख २० हजार अर्थात् ७५.२४ छ भने बैदेशिक सहायता रु. १ करोड ८६ लाख ९० हजार अनुमान गरिएको छ । यस्तो अवस्थामा प्रदेश सरकारको आन्तरिक राजश्व बढाउने उपायहरुको खोजी गर्नु जरुरी छ ।
- विगत पाँच वर्षको औसत व्यय ५५.३७ प्रतिशत रहेको छ जसमा पुँजीगत खर्चको औसत ५२.५९ प्रतिशत छ भने चालु खर्चको औषत ६०.१६ प्रतिशत रहेको छ । प्रदेश स्थापना देखि आर्थिक वर्ष ०७८/०७९ सम्म आन्तरिक राजस्व रु. १ अर्ब ६० करोड ५२ लाख संकलन भएको छ । जसले प्रदेश सरकारको व्यव विवरणको निकै सानो अंश ओगटेको छ ।
- स्थापना पछिका चार आर्थिक वर्षमा कर्णाली प्रदेशले संघीय सरकारबाट प्राप्त सशर्त अनुदान (सशर्त, समपुरक र विशेष) रु. २३ अर्ब ७५ करोड ५३ लाख मध्ये रु. ८ अर्ब १४ करोड ४६ लाख अर्थात ३४.२८ प्रतिशत रकम खर्च गर्न सकेको छैन। यसले प्रदेश सरकारको औषत वित्तीय प्रगति निकै कम रहेको देखाउँछ ।

## ४: सुझावहरु

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट विश्लेषणको निष्कर्षका आधारमा कर्णाली प्रदेश सरकारले आफ्नो आर्थिक अवस्था सुधार र समग्र विकासका लागि निम्न क्षेत्रमा ध्यान दिनु पर्ने देखिन्छ।

- प्रशासनिक क्षमता अभिवृद्धि : कर्णाली प्रदेश सरकारले प्रशासनिक क्षमता अभिवृद्धिमा सरकारले लगानी गर्नु आवश्यक छ। यसबाट सुशासन, सेवा प्रवाहमा सुधार र श्रोतसाधनको थप प्रभावकारी उपयोग गर्न सकिन्छ।
- पुँजीगत बजेट खर्च बढाउनेः कम पुँजीगत बजेट खर्चले पूर्वाधार र विकास आयोजनाहरूमा थप लगानीको आवश्यकतालाई सङ्केत गर्छ। प्रदेश सरकारले आर्थिक वृद्धि, रोजगारीका अवसर सिर्जना गर्ने र कर्णालीका जनताको समग्र जीवनस्तरमा सुधार गर्ने आयोजनामा पुँजीगत खर्चलाई प्राथमिकता दिनुपर्छ।
- राजस्व स्रोतहरू विविधीकरण गर्नेः संघीय अनुदानमा निर्भरताले प्रादेशिक सरकारलाई कोषमा कमजजोर बनाउँछ। कर, शुल्क, र राजस्व उत्पन्न गर्ने परियोजनाहरू जस्ता सम्भावित स्रोतहरू अन्वेषण गरेर आन्तरिक राजस्व बढाउने उपायहरू खोज्नु महत्त्वपूर्ण छ।
- बजेट कार्यान्वयनमा सुधारः बजेटको कम खर्च दर चिन्ताको विषय हो। प्रदेश सरकारले आफ्नो बजेट कार्यान्वयन प्रक्रियामा सुधार गर्न, छुट्याइएको रकमको प्रभावकारी उपयोग सुनिश्चित गर्न र तोकिएको समयसीमाभित्र आयोजनाहरू सम्पन्न गर्नमा ध्यान केन्द्रित गर्नुपर्छ।
- वित्तीय व्यवस्थापनलाई सुदृढ गर्नेः कर्णाली सरकारले बजेटको प्रभावकारी व्यवस्थापन गर्न र वित्तीय प्रगति बढाउन वित्तीय व्यवस्थापन अभ्यासलाई बढाउनुपर्छ। यसका लागि पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सुधारिएको बजेट योजना, अनुगमन र मूल्याङ्कन आवश्यक छ।
- निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्नेः आर्थिक बृद्धिलाई प्रोत्साहन गर्न र रोजगारीका अवसरहरू सिर्जना गर्न सरकारले सहयोगी नीति, प्रोत्साहन र अनुकूल व्यापार वातावरणको माध्यमबाट निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्नुपर्छ।
- कम खर्च भएका अनुदानहरूलाई प्राथमिकताः खर्च नगरिएका सशर्त अनुदानहरूले उपलब्ध रकमको उपयोगमा असक्षमता देखाउँछन्। सरकारले विनियोजन गरेको अनुदानलाई प्रदेशको विकास प्राथमिकतासँग मिल्ने आयोजनामा प्रभावकारी र प्रभावकारी रूपमा प्रयोग गर्न प्राथमिकता दिनुपर्छ।
- सहकार्य र समन्वयः प्रदेश सरकारले दिगो विकासका पहलका लागि स्रोत र विशेषज्ञताको उपयोग गर्न संघीय सरकार, स्थानीय सरकार र विभिन्न सरोकारवालाहरूसँग सहकार्य गर्नुपर्छ।
- दीर्घकालीन योजना र भिजन निर्माण : कर्णाली सरकारले प्रदेशको विकासका लागि स्पष्ट भिजनसहित बृहत् र दीर्घकालीन विकास योजना बनाउनुपर्छ। यसले प्रभावकारी स्रोत बाँडफाँड र नीति कार्यान्वयनको लागि मार्गचित्र प्रदान गर्नेछ।

# ऋति फाउण्डेसन

ऋति फाउण्डेसन कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित मुनाफा वितरण नगर्ने कम्पनी हो । स्थापनाकालदेखि यसले आफ्नो उद्देश्यअनुसार कर्णाली क्षेत्रको आर्थिक उन्नति र प्रगतिका लागि काम गर्दै आएको छ। विशेषतः बहसको वातावरण बनाई समग्र विकासमा योगदान गर्ने यसको उद्देश्य रहेको छ।

फाउण्डेसनले कर्णाली कचहरी, लेट्स स्पिक, सवाल उद्यमीको जस्ता सार्वजनिक वहसका नियमित कार्यक्रमका साथै कर्णाली प्रदेशको समृद्धिका लागि आवश्यक नीतिगत व्यवस्थाहरुको अध्ययन, अनुसन्धान तथा पैरवी गर्दै आइरहको छ । यसले वाक् स्वतन्त्रता र आर्थिक अधिकारको पक्षमा वकालत गर्छ। विकासका लागि विचार भन्ने मान्यता बोकेको फाउण्डेसनले गन्थन, मन्थन र चिन्तनलाई प्रश्रय दिन्छ।

hritifoundation@gmail.com www.hriti.org +97783521564 /hritifoundation